नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**केन्द्रिय आयोजना कार्यान्वयन इकाई**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
ज्वागल, ललितपुर

चलानी नं: २०
पत्र नं: २०७७/०७८

मितिः २०७७/०६/०८

श्री जिल्ला आयोजना कार्यान्वयान इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
सबै

**विषयः** लागत इष्टिमेट स्वीकृति सम्बन्धमा

प्रस्तुत विषयमा भूकम्पीय गुम्बा पुनर्निर्माण आयोजना अन्तर्गत तहाँ जिल्ला आयोजना कार्यान्वयन इकाई मार्फत संचालित १०० वर्ष भन्दा कमका र २००० वर्ग फिट भन्दा कम क्षेत्रफल भएका गुम्बाहरुको भूकम्पबाट प्रभावित गुम्बा/बिहार/स्तुपरुको संरक्षण जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धि कार्यविधि २०७५को दफा ५ (झ) मा उल्लेख भएबमोजिम लागत इष्टिमेट तयार गरि स्वीकृतिको लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाईमा पठाउँदा देहाय बमोजिम सुनिश्चित गर्नुहुन जानकारी गराइन्छ ।

१. स्वीकृत मोडल डिजाइन, ड्रईङ्ग र परिमाण इष्टिमेटलाइ आधार मान्नु पर्नेछ ।
२. सम्बन्धित जिल्लाको जिल्ला दररेटको आधारमा शहरी विकास तथा भवन निर्माण विभाग द्वारा अद्यावधिक नर्म्सको परिधिमा रहेर लागत अनुमान तयार गर्ने ।
३. स्थानीय निर्माण सामाग्री तथा कामदारको अधिकतम उपयोग गर्ने गरि लागत इष्टिमेट तयारी गर्ने ।
४. जोखिम नभएको स्थानमा मात्र पुनर्निर्माण गर्ने गराउने र जोखिम भएको जग्गाको अबस्थामा सम्बन्धित उ.स. वा व्य.स.लाइ लगाई जग्गाको व्यबस्थापन गर्ने गराउने ।
५. लागत अनुमान तयार गर्दा सम्बन्धित गुम्बा पुनर्निर्माणको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्रदान हुने अनुदान रकम LMBIS मा प्रविष्ट भएको बजेट सिलिंग भित्रै रहेर गर्नु पर्नेछ ।
६. सम्बन्धित गुम्बाको व्यवस्थापन समितिले गर्ने साझेदारी रकम स्थानीय तह व अन्य कुन श्रोत बाट उपलब्ध हुने हो, सोको समेत सुनिश्चितता हुने गरी प्रमाण राखुपर्नेछ ।
७. लागत अनुमान तयार गरेपश्चात खर्चको तेरिज (Abstract of Cost) को कार्यालय प्रमुखद्वारा प्रमाणित स्क्यान र सबै sheet को excel फाइल (soft copy) यस केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को इमेल emrp.clpiu@gmail.com मा पठाउनुपर्नेछ ।

यसरी प्राप्त हुने गुम्बाहरुको लागत इष्टिमेट केन्द्रीय आयोजना कार्यान्वयन इकाईबाट आबश्यक अध्ययन तथा कारबाही पश्चात सार्वजनिक खरिद ऐन २०६३ को दफा ५क तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ र १० बमोजिम लागत अनुमान स्वीकृति गर्ने गरी सहमति प्रदान गरिनेछ ।

.........................................
आयोजना निर्देशक